प्रदेश सरकार

(प्रदेश नं. २)

भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## जनकपुरधाम धनुषा

पत्र सँख्याः

चलानी नं.

मितीः २०७७।१०।२५

**स्यालो ट्यूवेल, मोटर, पम्मपसेट जडान तथा संचालन आपूर्तिकर्ता सूचिकृत हुने सम्बन्धी प्रति इकाई दर भाउ सहितको शिलबन्दी आवेदन (प्रस्ताव) आव्हान**

**सूचना प्रकाशन मितीः २०७७।१०।२५**

यस कार्यालयको आ.व. २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार धनुषा जिल्लाको कृषक स्तरमा स्यालो ट्यूवेल मोटर प्मपसेट जडान तथा संचालन आपूर्ति कार्य यस कार्यालयको अनुदान सहयोग तथा कृषकको लगानीमा कृषकस्तरमा आपूर्ती तथा जडान गर्नु पर्ने भएकोले यस जल्लामा स्यालो ट्यूवेल सम्बन्धी आवश्यक सामग्री आपूर्ति तथा जडान गर्ने यन्त्र यपकरण/ जनशक्ति भएको तथा आपूर्ति आदेश भएको बेलामा तुरन्त जिल्लाको जुनसुकै स्थानिय तह/ क्षेत्रमा कृषकस्तरमा स्यालो ट्यूवेल जडान आपूर्ति गर्न सक्ने पाइप, फिल्टर, मोटर, पम्पसेट लगायत अन्य आवश्यक सामग्रीहरु प्रचलित कानून अनुसार गुणस्तर प्रमाणीत भएको आफूसँग मौजदात भएको इच्छुक आपूर्ति कर्तावाट यो सूचना प्रकाशित भएको मितीले १५ दिन (२०७७।११।०९ गते) भित्र तोकिएको ढाँचामा माल सामानहरुको विशिष्ट गुण (स्पेशिफिकेशन) सहित फर्म दर्ता, कर दर्ता/कर चुक्ता गुणस्तर प्रमाण लगायत अन्य आवश्यक कागजात प्रमाणपत्रहरु सहित विस्तृत विवरणहरु उल्लेख गरी प्रति इकाई दरभाउ सहितको शिलबन्दी आवेदन (प्रस्ताव) फारम यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

प्रति इकाई लागत अनुमान वा सोभन्दा न्यून प्राप्त प्रस्तावहरु मध्ये न्यूनतम मूल्यको आधारमा अनुदान स्वीकृत हुने तथा प्राप्त प्रस्तावहरु मध्ये छनौट सूचिमा परेका आपूर्तिकर्ताहरुले कार्यालयसँग प्रति इकाई सामग्रीको जडान तथा आपूर्ति सम्झौता गरी यस कार्यालयको सिफारिसको आधारमा कृषकको खेतमा जडान पश्चात कूल लागत मध्ये कृषक दायित्वको रकम कृषकवाट नै बुझिलिई कृषकलाई स्यालो ट्यूवेल, मोटर, पम्पसेट जडान आपूर्ति तथा संचालन गरेको भरपाई सहित जडान आपूर्ति (बिक्रि) परिमाणको आधारमा बिल भरपाई लगायतको कागजात पेश गरी स्वीकृत/ तोकिएको अनुदान रकम मात्र भुक्तानी पाउने गरी निर्धारित आपूर्ति प्रकिया अनुसार कार्य संचालन हुनेछ। आवेदन (प्रस्ताव) फारम रु एक हजार मात्र (पछि फिर्ता नहुनेगरी) भुक्तान गरी यस कार्यालयवाट प्राप्त गर्न सकिन्छ। अन्य विस्तृत जानकारी आवेदन फारममा उल्लेख गरिएको छ। आवेदन (प्रस्ताव) फारम सम्बन्धी सम्पूर्ण अधिकार यसै कार्यालयमा निहित छ।

कार्यालय प्रमुख